सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
# जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
सिमखेत, बझाङ

पत्र संख्या :-२०८२/८३
च.नं.:- १५६

मिति :२०८२/१२/०१

श्री खप्तडछान्ना गाँउपालिका
श्री छबिसपाथिभेरा गाँउपालिका
श्री मष्टा गाँउपालिका
श्री थलारा गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय, बझाङ।

विषयः उपभोक्ता समिति गठन गरिदिने बारे ।

उपरोक्त बिषयमा यस कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत तपसिल वमोजिमका कार्यक्रमहरू तहाँ स्थानीय तहमा संचालन गर्नुपर्ने भएकोले सो कार्यक्रम कार्यान्वयनका लागि कम्तिमा ७ दिने सार्वजनिक सूचना टाँस गरी नियमानुसार ७ देखि ११ सदस्यीय उपभोक्ता समिति ( चार वटै गाँउकार्यपालिकाको आपसि समन्वय र सहमति ) मा गठन गरि यसै पत्रसाथ संलग्न पाना १ बमोजिमको कागजात तथा आवश्यक प्रकृया पुरा गरि सम्झौता गर्नका लागि आवश्यक सहयोग तथा समन्वय गरिदिनुहुन अनुरोध छ ।

पुनश्चः कार्यक्रमको स्थान पहिचान हुन नसकेमा वा नाम/ठेगाना फरक पर्न गएमा वा कुनै कारणले उपभोक्ता समिति गठन हुन नसक्ने अवस्था भएमा अविलम्ब यस कार्यालयमा (wriddo01@gmail.com) जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

तपसिल

| क्रियाकलाप कोड | योजनाको नाम | बजेट रु. (लाखमा) | कैफियत |
|---|---|---|---|
| 11.4.15.9405 | टानगाड ओझा गाउँ सिचाई योजना छविस पाथिभरा ६,ठुला ढुंगा देखि तलिखेत सिचाई कुलो ढुंगखेत, खसड छान्ना ३,सिष्याना सिचाई कुलो निर्माण योजना मस्टा 2 तुति बझाङ ,देहेली सिचाई बड्डीकुलो खप्पडछान्ना २,बलाइ सी.कु थलारा ५ , बझांग | २५ | |

ई.खेम राज रेग्मी
डिभिजन प्रमुख

## सम्झौताका लागि आँउदा पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. सम्बन्धित वडा कार्यालयमा उपभोक्ता समिति गठनका लागि कम्तिमा ७ दिने सुचना टाँस गरी सुचना टाँस गरेको मुचुल्का।

२. जनप्रतिनिधिको उपस्थितिमा लाभग्राहि समुदायको बैठक र बैठक निर्णयको प्रमाणीत प्रतिलिपि (तपशिलका बुँदाहरुको प्रस्तावहरु माथि निर्णयहरु गरिएको हुनुपर्ने)

३. उपभोक्ता समितिका सबै सदस्यहरुको नागरिकताको प्रमाणीत प्रतिलिपि।

४. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र: कार्यक्रमको नाम/ठेगाना तथा समिति सदस्यहरुको नामावलिसहित।

५. उपभोक्ता समिति गठनका लागि बैठक बसेको अवस्थाको फोटो वा भिडियो।

६. उपभोक्ता समिति PAN दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

<u>तपशिल प्रस्ताबहरु</u>

- प्रश्तावित कार्यको उद्देश्य, सामान्य विवरण, अनुमानित लागत रकम र कार्य सम्पन्न गर्न लाग्ने समय अवधि तोकिएको निर्णय
- उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरु चयन गरेको निर्णय (नाम र ठेगाना)
    - ७ देखि ११ सदस्य भएको हुनुपर्ने
    - ३३ % महिला भएको हुनुपर्ने
    - अध्यक्ष, सचिव र कोषाध्यक्षमा १ महिला हुनुपर्ने
    - स्थायी रूपमा सोहि स्थानमा बसोबास भएको हुनुपर्ने (नागरिकता/मतदाता परिचयपत्र / बसाई सराई वा अन्य प्रमाण खुल्ने सरकारी कागजात हुनुपर्ने)
- खाता सञ्चालनको निर्णय: अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट
- अनुगमन समिति गठन गरेको निर्णय: १ महिला सहित ३ सदस्यहरु भएको
- सम्झौताको लागि जम्मेवार पदाधिकारी तोकिएको निर्णय
- उपभोक्ता समितिमा राज्यकोषबाट तलवभत्ता खाने कर्मचारी र पदाधिकारीहरु नभएको, निर्वाचित जनप्रतिनिधिहरु नभएको, फौजदारी अभियोगमा कसुरदार ठहरिएको व्यक्तिहरु नभएको, तथा प्रचलित कानुन अनुसार अयोग्य व्यक्तिहरु नभएको निर्णय

CS CamScanner